पोखरा महानगरपालिका

कास्की

गण्डकी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

वर्ष : ६ पोखरा खण्ड : ६५ प्रमाणित मितिः २०७९ श्रावण २४ गते

## भाग २

## पोखरा महानगरपालिका

# व्यवसाय प्रवर्द्धन केन्द्र सञ्चालन कार्यविधि, २०७९

# पोखरा महानगरपालिका
# व्यवसाय प्रवर्द्धन केन्द्र सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना** : नवीन तथा आधुनिक प्रविधिमा आधारित नवप्रवर्तनात्मक विचारलाई प्रवर्द्धन गर्दै समुचित व्यावसायिक वातावरण, वित्तीय पहुँच र स्थानीय उत्पादनको मूल्य श्रृङ्खला सुदृढिकरणमा आवश्यक आधारभुत सेवा स्थानीय स्तरमा नै सर्वसुलभ रुपमा उपलब्ध गराई उद्यमशीलता विकास गरी विस्तारै प्रतिस्पर्धी व्यवसायमा रुपान्तरण गर्न सार्वजनिक-निजी सम्वाद प्रक्रिया समेतको माध्यमबाट नीतिगत तथा प्रक्रियागत सुधार, अध्ययन-अनुसन्धान, अनुभव, सिकाइ र प्रविधि हस्तान्तरणका माध्यमबाट व्यवसायको सञ्चालन लागत न्यूनीकरण गरेर उत्पादकत्व, उत्पादन र कार्यदक्षता अभिवृद्धि गर्ने दिशामा सरकार तथा निजी क्षेत्रबीच सार्थक सहकार्य वान्छनीय भएकोले पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७४ (दोश्रो संशोधन २०७७) को दफा ६६ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि वनाएर लागु गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(क) कार्यविधिको नाम "व्यवसाय प्रवर्द्धन केन्द्र सञ्चालन कार्यविधि–२०७९" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "**महानगरपालिका**" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनुपर्दछ।

(ख) "**कार्यपालिका**" भन्नाले पोखरा महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(ग) "**प्रमुख**" भन्नाले पोखरा महानगरपालिकाका प्रमुखलाई सम्झनुपर्दछ।

(घ) "**उप–प्रमुख**" भन्नाले पोखरा महानगरपालिकाका उप-प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(च) "**समिति**" भन्नाले यस कार्यविधि अन्तर्गत महानगरपालिकामा गठन हुने व्यवसाय प्रवर्द्धन केन्द्र निर्देशक समितिलाई सम्झनुपर्दछ।

(छ) "**महाशाखा**" भन्नाले महानगरपालिकाको आर्थिक विकास महाशाखालाई सम्झनुपर्दछ।

(ज) "**केन्द्र**" भन्नाले पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्र र यसको अंग्रेजी रुपान्तरण "Business Promotion Center" लाई सम्झनुपर्दछ।

(झ) "**केन्द्र प्रमुख**" भन्नाले यसै कार्यविधिको दफा २६ बमोजिम नियुक्त व्यवसाय प्रवर्द्धन केन्द्रको प्रमुखलाई सम्झनुपर्दछ।

(ञ) "**कोष**" भन्नाले यस कार्यविधिको व्यवस्था अनुरुप स्थापित हुने व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्दछ।

(ट) "**लक्षित वर्ग**" भन्नाले सिर्जनशील, उद्यम-व्यवसाय गर्ने उत्प्रेरणा र नवीन सोचका साथ उद्यम-व्यवसाय शुरु गर्न तथा स्थानीय रैथाने उत्पादनहरुको व्यवसायिकरण र ब्राण्डिङ्ग गर्न इच्छुक व्यक्ति वा भइरहेको उद्यम व्यवसायलाई थप परिष्कृत, प्रतिस्पर्धी र उन्नत बनाएर स्तरवृद्धि गर्न चाहने उद्यमी-व्यवसायी, बैदेशिक रोजगारीबाट फर्किएका र स्वदेशमा नै स्वरोजगार हुन चाहने युवा, महिला, जोखिममा रहेका समुदाय, सामाजिक विभेद र वञ्चितीकरणमा परेका समुदाय वा त्यस्तो समुदायलाई प्रवर्द्धन गर्ने मूल उद्देश्य लिई सम्वन्धित नियामक निकायबाट अनुमति लिई सञ्चालित प्राइभेट इक्विटी वा भेन्चर क्यापिटल कोषका

लाभग्राही समेतलाई सम्झनु पर्दछ।

(ठ) "**निजी क्षेत्र**" भन्नाले नाफा कमाउने उद्देश्यले जोखिम बहन गरेर भौतिक, आर्थिक तथा बौद्धिक लगानी गीर उद्यम व्यवसाय सञ्चालन गर्ने प्राकृतिक तथा कानुनी व्यक्ति, समूहलाई सम्झनुपर्दछ।

(ड) "**सीप विकास**" भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्द्धनका लागि आवश्यक पर्ने प्राविधिक, वित्तीय व्यवस्थापन, परियोजना विकास जस्ता क्षेत्रमा विषय विज्ञ मार्फत प्रदान गरिने सिपमूलक तालिम दिने तथा व्यवहारिक अभ्यास गराउने कार्यलाई सम्झनुपर्दछ।

(ढ) "**सेवा**" भन्नाले उद्यमशीलता विकास, सीप विकास र स्थापित व्यवसाय वा कृषि फार्मको सुसञ्चालन तथा स्तरोन्नतिका लागि केन्द्रमार्फत प्रदान गरिने प्राविधिक तथा व्यवस्थापकीय तालिम, परामर्श, प्रविधि हस्तान्तरण, वित्तीय पहुँचमा सहजीकरण जस्ता सेवालाई सम्झनुपर्दछ।

(ण) "**उद्योग वाणिज्य संघ**" भन्नाले महानगरपालिकामा अवस्थित उत्पादन प्रशोधन, व्यापार, कृषि, बैंक वित्त तथा पर्यटन क्षेत्रसँग संवन्धित उद्यमी व्यवसायीहरुका संगठित संस्था वा त्यस्ता संस्थाका शाखालाई सम्झनुपर्दछ।

(त) "**प्रविधि हस्तान्तरण**" भन्नाले व्यवसाय (कृषि फार्म समेत) सञ्चालन, विस्तार, स्तरोन्नति गर्नका लागि आवश्यक पर्ने मेसिन उपकरण, कम्प्यूटर प्रणाली, सफ्टवयर आफैंले उपलब्ध गराउने वा प्रविधिहरू खरिद गर्नका लागि लागत साझेदारीमा सहयोग गर्न वा त्यस्ता प्रविधि सञ्चालन र उपयोग गर्न आवश्यक पर्ने विशेष प्रकारको सिप, ज्ञान र दक्षता सिकाउने कार्यलाई सम्झनु पर्दछ।

(थ) "**नवउद्यम**" भन्नाले नवीनतम सोच र प्रविधिमा आधारित

भएर उत्पादनको स्तर तथा बजार विस्तारको योजना सहित सञ्चालनमा आएको तर वृद्धि (growth)को चरणमा प्रवेश गरिनसकेको नयाँ उद्यम व्यवसाय (startup)हरुलाई सम्झनु पर्दछ।

(द) "**विषय विज्ञ**" भन्नाले केन्द्रले प्रदान गर्ने सेवासँग संवन्धित क्षेत्रका प्राविधिक, व्यवस्थापकीय तथा वित्तीय विषयमा आवश्यक योग्यता र दक्षता हासिल गरी केन्द्रमा सूचीकृत विज्ञ वा विषय विज्ञहरुको समुह वा संस्थालाई सम्झनु पर्दछ।

(ध) "**सार्वजनिक निजी सम्वाद**" भन्नाले व्यवसाय गर्ने वातावरण सुधारका लागि गर्नुपर्ने नीतिगत तथा प्रकृयागत सुधार, सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने आयोजना र महानगरको आर्थिक तथा सामाजिक विकासका दृष्टिले सार्वजनिक महत्वका विषयमा पहिले नै तय भएका विषयवस्तु (agenda)मा छलफल गर्ने गरी सार्वजनिक क्षेत्र (सरकार वा महानगरपालिका), निजी क्षेत्र (पोखरा उद्योग वाणिज्य संघ लगायतका निजी क्षेत्रका उद्यमी व्यवसायीका संघसंस्थाहरु) र विषयविज्ञ (विशेषज्ञ परामर्शदाता वा वौद्धिक पेशाकर्मी)हरुका विचमा "सार्वजनिक निजी संवाद मन्च" समेतका माध्यमबाट आयोजना हुने बैठक, कार्यशाला वा गोष्ठीलाई सम्झनु पर्छ।

(न) "**कार्यक्रम**" भन्नाले "व्यवसाय प्रवर्द्धन केन्द्र सञ्चालन कार्यविधि–२०७९" बमोजिम लक्षियत वर्गको लागि सञ्चालन गरिने कार्यक्रमहरु सम्झनुपर्दछ।

(प) "**विकास साझेदार**" भन्नाले कार्यक्रम सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने स्वदेशी तथा विदेशी संघसंस्था र दातृ निकायहरूलाई सम्झनु पर्दछ।

## परिच्छेद–२

## व्यवसाय प्रवर्द्धन केन्द्रको स्थापना

३. पोखरा महानगरपालिका क्षेत्रभित्र रहेका नवीन, सृजनशील र प्रतिस्पर्धी नवउद्यमहरुको विकास तथा सम्वर्द्धन मार्फत हरित, समावेशी र उत्थानशील आर्थिक विकासमा टेवा पुऱ्याउन नवीनतम प्रविधि समेतको उपयोग गरी गुणस्तरीय वस्तु तथा सेवा उत्पादन गर्न र व्यवसाय प्रवर्द्धनका लागि विभिन्न क्षेत्र तथा निकायहरु वीच आवश्यक समन्वय र सञ्जाल स्थापना गरी सरकारी तथा निजी क्षेत्रको साझेदारीमा समेत कार्य गर्ने गरी पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखा मातहत रहने गरी आधुनिक प्रविधिमैत्री पूर्वाधार र दक्ष जनशक्ति सहितको "**व्यवसाय प्रवर्द्धन केन्द्र** स्थापना गरिनेछ ।

४. **केन्द्रको उद्देश्य** : (१) यस केन्द्रको प्रमुख उद्देश्य पोखरा महानगरपालिकामा व्यवसाय गर्ने वातावरण र सवल कृषि मूल्य श्रृङ्खला सहितको व्यावसायिक कार्यप्रणाली (business eco-system)मा सुधार गरी उद्यमशीलता विकास, नवउद्यम प्रवर्द्धन, रोजगारी सिर्जना र कार्यदक्षता, उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा सहयोग पुऱ्याउनु हो ।

(२) केन्द्रका अन्य विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः

(क) उद्यमी बन्न इच्छुक तथा भइरहेको उद्यमको स्तरवृद्धि गर्न चाहने का लागि आधारभूत र मागमा आधारित बिशिष्ट प्रकारका सीपमूलक, सृजनशील, उद्यमशील, वित्तीय, कानुनी र प्राविधिक ज्ञान तथा सीपको विकास गर्ने व्यावहारिक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ख) पोखरालाई युवा एवं नवउद्यम मैत्री महानगरपालिका बनाउन महिला, युवा, न्यून आय भएका सीमान्तीकृत समुदाय तथा लक्षित वर्गका व्यक्ति, विदेशमा सीप तथा दक्षता आर्जन गरी फर्किएका र बेरोजगार व्यक्तिहरुको क्षमता तथा दक्षता अभिवृद्धि मार्फत

आर्थिक रुपमा सवल र सक्षम बनाउन सहयोग गर्ने ।

(ग) स्वदेश तथा विदेशमा सफल रुपमा व्यवसाय सञ्चालन गरिरहेका उद्यमी व्यवसायीहरु सँगको समन्वय र सहकार्यमा स्थानीय उद्यमीहरुको दक्षता अभिवृद्धि र व्यवसायको स्तरवृद्धिका लागि अनुभव, सिकाइ र प्रविधि हस्तान्तरणमा सहयोग गर्ने ।

(घ) विश्वविद्यालय तथा अन्य संघ-संस्थाहरु सँगको सहकार्यमा तुलनात्मक तथा प्रतिस्पर्धी लाभका क्षेत्रहरु पहिचान गरी सम्वन्धित वस्तु तथा सेवाको खोज अनुसन्धान र बजार विश्ले षण गर्ने ।

(ङ) सार्वजनिक निजी संवाद, सूचना संकलन, सम्प्रेषण, वित्तीय पहुँचमा सहजीकरण, परामर्श जस्ता व्यवसाय प्रवर्द्धन सँग सम्वन्धित सेवा प्रवाह गर्ने ।

(च) संघ तथा प्रदेश सरकार, निजी क्षेत्र र विकास साझेदार सँगको सहकार्यमा व्यावसायिक प्रणाली सुधार, उद्यमशीलता विकास र रोजगारी सिर्जना सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

(छ) महानगरपालिका र समितिको निर्देशन बमोजिम व्यवसाय प्रवर्द्धन र उद्यमशीलता विकास, महिला तथा लक्ष्यित वर्गको आर्थिक सशक्तीकरण सम्वन्धी अन्य कार्यक्रम सञ्चालनमा सहयोग गर्ने ।

५. **केन्द्रले प्रवाह गर्ने सेवाहरु** : महानगरपालिकाको एक सेवा केन्द्रको रुपमा “केन्द्र”ले देहाय बमोजिमका महानगर अन्तर्गतका र आधारभूत सेवाहरु प्रदान गर्ने, अन्य निकायबाट उपलब्ध हुने सेवा सुविधाहरु भए सहजीकरण गर्ने, सल्लाह, सुझाव र परामर्श उपलब्ध गराउनृ जस्ता कार्यका साथै मागमा आधारित सीप विकास तथा विशेषज्ञ सेवाहरु समेत उपलब्ध गराउनेछ ।

(१) **महानगर अन्तर्गतका र आधारभूत सेवाहरु**ः यस अन्तर्गत देहायका सेवाहरु पर्नेछन् । महानगरपालिका अन्तगर्तका सेवाहरु केन्द्र मार्फत निशुल्क प्रदान गरिनेछ र भर्नुपर्ने आवश्यक फारमहरु पनि केन्द्रमा सर्वसुलभ रुपमा निशुल्क उपलब्ध हुनेछन् ।

(क) स्थानीय राजपत्रमा प्रकाशित ऐन नियम, कार्यविधि र मापदण्डहरु र सो को पालना नगरेमा भोग्नु पर्ने समस्याको विषयमा जानकारी, सूचना सम्प्रेषण र प्रचार प्रसार ।

(ख) व्यवसाय दर्ता, नवीकरण र खारेजीको व्यवस्था प्रकृया र आवश्यक कागजातहरुको विषयमा जानकारी प्रदान गर्ने र फारमहरु भर्न सहयोग गर्ने ।

(ग) व्यवसाय दर्ता गर्दा आवश्यक पर्ने वातावरणीय मूल्यांकन, कागजात प्रमाणीकरण, निवेदन, शिफारिस, अनुमतिपत्र, उजुरी आदिको ढाँचा, औचित्य, प्राप्त हुने फाइदा र जानुपर्ने स्थान वा कार्यालयको बारेमा जानकारी दिने र फारमहरु भर्न सहयोग गर्ने ।

(घ) महानगरपालिकाले उपलब्ध गराउने छुट, सुविधा, सहुलियत र अनुदानका कार्यक्रमको विषयमा जानकारी, पूरा गर्नुपर्ने शर्त, आवश्यक कागजात, सुविधा पाइने स्थान र व्यावसायिक योजना (आवश्यक पर्ने भए)को बारेमा जानकारी प्रदान गर्ने र फारमहरु भर्न सहयोग गर्ने ।

(ङ) महानगरपालिका बाहेकका निकाय (घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्ट्रार, आन्तरिक राजस्व कार्यालय आदि) मा गर्नुपर्ने, दर्ता, नियमित रुपमा बुझाउनुपर्ने विवरण, सालबसाली गर्नुपर्ने अद्यावधिकीकरण, करचुक्ता प्रमाणपत्रका लागि पूरा गर्नुपर्ने प्रकृया, आवश्यक कागजात, जानुपर्ने स्थान वा कार्यालय जस्ता विषयमा जानकारी दिने, फारमका ढाँचा उपलब्ध गराउने र भर्न सहयोग गर्ने ।

(च) परिवर्तन, संशोधन वा स्थगन भएका ऐन, नियम, प्रावधान वा कार्यक्रमका विषयमा अद्यावधिक सूचना प्राप्त गरी विभिन्न माध्यमबाट प्रकाशन र संप्रेषण गर्ने ।

(२) **अन्य निकायबाट उपलब्ध हुने सेवा र सुविधाहरु प्राप्तीमा सहजीकरणः** यस अन्तर्गत महानगरपालिका बाहेक, प्रदेश तथा संघीय सरकार,

निजी क्षेत्र तथा विकास साझेदारहरु मार्फत उपलब्ध हुने सेवा सुविधा लगायतको उपभोग र लाभ प्राप्त गर्नका लागि सहजीकरण गर्ने, सल्लाह सुझाव र परामर्श प्रदान गर्ने कार्यहरु पर्दछन् । देहाय बमोजिमका त्यस्ता सेवाहरु र आवश्यक कागजात तथा फारमका ढाँचाहरु केन्द्रबाट निशुल्क उपलब्ध गराइनेछ ।

(क) नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागहरु मार्फत सञ्चालित लक्षियत वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरु (जस्तैः कृषिको व्यावसायिकीकरण, महिला तथा दलित उद्यमशीलता, वैदेशिक रोजगारबाट फर्केका युवाहरुको उद्यमशीलता, आदि) बाट प्राप्त हुने सेवा सुविधा र लाभका क्षेत्र, पूरा गर्नुपर्ने न्यूनतम शर्तहरु, आवश्यक कागजातहरु र जानुपर्ने स्थान वा कार्यालयका बारेमा जानकारी तथा सल्लाह सुझाव दिने र निवेदन दिन वा फारम भर्न आवश्यक सहयोग गर्ने ।

(ख) नेपाल राष्ट्र बैंकले जारी गरेका वित्तीय पहुँच विस्तार (जस्तैः ब्याज अनुदान वा सहुलियत वा बिनाधितो ऋण वा बैंक वित्तीय संस्थाबाट प्राथमिकता प्राप्त क्षेत्रका लागि निर्देशित कर्जा) तथा धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त विशिष्टीकृत लगानी कोष (जस्तैः भेन्चर क्यापिटल, प्राइभेट इक्विटि, म्युच्युअल फण्ड, आदि) सम्बन्धी विभिन्न नियम, निर्देशिका तथा कार्यविधि अन्तर्गत लक्षियत वर्गका लागि घोषित अनुदान, सहुलियतपूर्ण कर्जा योजना, प्रतिस्पर्धात्मक कोष (Challange Fund), विशिष्टीकृत लगानी कोषआदिमा सहभागी भई अधिकतम लाभ लिन सहयोग गर्न वित्तीय तथा कानुनी साक्षरता, अभिमुखीकरण, व्यावसायिक योजना तथा  परियोजना विकास तालिम जस्ता क्षमता अभिवृद्धि सम्बन्धी सेवा दिने, उत्प्रेरणा तथा परामर्श प्रदान गर्ने देखि सेवा सुविधा र लाभका क्षेत्र, पूरा गर्नुपर्ने न्यूनतम शर्तहरु, आवश्यक कागजातहरु र जानुपर्ने स्थान वा कार्यालयका

बारेमा जानकारी तथा सल्लाह सुझाव र निवेदन दिन वा फारम भर्न आवश्यक सहयोग गर्ने ।

(ग) विभिन्न विकास साझेदार, निजी क्षेत्र, उद्योग वाणिज्य संघ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था, ट्रष्ट, फाउण्डेशन आदिले महानगरपालिकामा सञ्चालन गरेका युवा उद्यमशीलता र नव-उद्यम लक्ष्यित सिर्जनशीलता प्रवर्द्धन, नेतृत्व तथा क्षमता विकास, महिला आर्थिक सशक्तीकरण, रोजगारी सिर्जना र जीविकोपार्जन सुधारमा कार्यक्रमहरुका क्षेत्र, पूरा गर्नुपर्ने न्यूनतम शर्तहरु, आवश्यक कागजातहरु र जानुपर्ने स्थान वा कार्यालयका बारेमा जानकारी तथा सल्लाह सुझाव र निवेदन दिन वा फारम भर्न आवश्यक सहयोग गर्ने ।

(घ) कार्यपालिका र समितिको निर्देशनअनुसार व्यवसाय प्रवर्द्धन र उद्यमशीलता विकासका क्षेत्रमा आवश्यक अन्य (व्यावसायिक योजना, आर्थिक वा वित्तीय प्रक्षेपण, जोखिम व्यवस्थापन, व्यावसायिक दिगोपना र समावेशीता) आदि क्षेत्रमा सहजीकरणका लागि भूमिका खेल्ने ।

(३) मागमा आधारित विशेषज्ञ सेवाहरुः

(क) यस अन्तर्गत निजी क्षेत्रका उद्यमी व्यवसायीको मागका आधारमा विशिष्ट प्रकृतिका व्यावसायिक तथा प्राविधिक (सीप विकास, कार्यदक्षता अभिवृद्धि आदि) विषयमा प्रदान गरिने तालिम, प्रशिाक्षण तथा परामर्श सेवाहरु पर्दछन् ।

(ख) यस्ता विशिष्ट प्रकारका सेवा प्रवाहका लागि केन्द्रले विश्वविद्यालय, प्राविधिक शिक्षालय, विशेषज्ञ सेवा प्रदायक संस्था र विषय विज्ञहरु सँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

(ग) यस्ता सेवा प्रवाहका लागि केन्द्रले महानगरपालिका, प्रदेश तथा संघीय सरकार, निजी क्षेत्र तथा विकास साझेदारहरुसँग लागत साझेदारीमा र अनुदानमा समेत कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(घ) केन्द्रको कोष, अनुदान र लागत साझेदारीबाट प्राप्त रकमबाट मात्र यस्ता सेवा उपलब्ध गराउन नसकिने भएमा सेवाग्राहीहरुबाट जायज शुल्क लिएर पनि सेवा उपलब्ध गराउन केन्द्रलाई बाधा पर्ने छैन ।

६. **केन्द्रले गर्ने कार्यहरु** : माथि उल्लिखित सेवाहरु बाहेक केन्द्रले कार्यपालिका र समितिको निर्देशनमा नियमित वा आवश्यक भएको अवस्थामा देहायका कार्यहरु गर्नेछ -

(१) सार्वजनिक निजी सम्वाद (Public Private Dialouge-PPD) सम्बन्धी कार्य ।

(२) अध्ययन अनुसन्धान, सर्वेक्षण तथा पृष्ठपोषण सम्बन्धी कार्य ।

(३) केन्द्रको वेबसाईटका लागि सूचना र समाग्रीहरु संकलन तथा प्रकाशन सम्वन्धी कार्य ।

(४) व्यावसायिक योजना विकास सम्वन्धी कम्प्यूटर प्रणाली (एप) विकास र सञ्चालन कार्य ।

(५) अनौपचारिक उद्यम व्यवसायलाई वित्तीय साक्षरता, कर शिक्षा र दिगो तथा उत्तरदायी उपभोगका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन।

(६) देश विदेशका सफल र नमुना उद्यम व्यवसाय वा व्यावसायिक संघसंस्था विच सम्वन्ध स्थापना, अनुभव, दक्षता र प्रविधि आदान प्रदान (हस्तान्तरण) सम्बन्धी कार्य ।

(७) हरित, उत्थानशिल र समावेशी विकासका लागि दिगो र जिम्मेवार उत्पादन र वितरण प्रणाली अवलम्वन गर्न निजी क्षेत्र, समुदाय र प्राज्ञिक क्षेत्रसँग मिलेर कार्यक्रम सञ्चालन गर्ने ।

(८) उत्कृष्ट उद्यमीहरुका सफलताका कथाहरु संकलन, प्रचार प्रसार र सामाजिक उद्यमशिलता विकास सम्वन्धी कार्य ।

(९) उद्यमशीलता प्रस्फुटन शिविर (boot camp) आयोजना र उत्कृष्ट नव-उद्यमहरुका सफल अभ्यासहरु लिपिबद्ध गरी आदान प्रदान सम्वन्धी कार्य ।

(१०) महानगरपालिकाका लोकप्रिय कार्यक्रम (जस्तै उप-प्रमुखसँग महिला कार्यक्रम), प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिबी निवारणका लागि साना उद्यम विकास कार्यक्रम लगायत विभिन्न कार्यक्रमहरुको कार्यान्वयनमा सहयोग ।

(११) उद्योग वाणिज्य संघहरुलाई व्यवसाय प्रवर्द्धन सम्वन्धी (मेला, महोत्सव, कार्यशाला) जस्ता कार्यक्रमहरु सञ्चालनमा सहयोग तथा समन्वय ।

(१२) पारदर्शी र सुदृढ बजार प्रणाली प्रवर्द्धनका लागि मूल्य श्रृङखला र आपूर्ति श्रृङखला प्रवलीकरण सम्वन्धी कार्य ।

(१३) राष्ट्रिय आविष्कार केन्द्र तथा गण्डकी आविष्कार केन्द्रसँग समन्वय र सहकार्य गरी नवप्रवर्तन, प्रविधि हस्तान्तरण र बौद्धिक सम्पत्ति संरक्षण सम्वन्धी कार्य ।

(१४) पोखरा विश्वविद्यालय, गण्डकी विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, पश्चिमाञ्चल इञ्जिनियरिङ क्याम्पस र ती संस्थाका पूर्व विद्यार्थी मञ्चहरुसँगको समन्वय र सहकार्यमा उद्यमशिलता, सीप र नेतृत्व विकास सम्वन्धी कार्यक्रमहरु सञ्चालन ।

(१५) प्रविधिमा आधारित नव-उद्यमहरुको लागत न्यूनीकरण र उत्पादकत्व अभिवृद्धिका लागि सामुहिक कार्यस्थल (Co-working space) को व्यवस्थापन (विभिन्न विषयहरुमा सृजनात्मक काम गर्ने इच्छुक व्यक्तिहरुलाई खानेपानी, विजुली, इन्टरनेट सुविधा सहितका डेस्कको व्यवस्था) गर्ने कार्य ।

(१६) लक्ष्यित वर्गका लागि घोषित अनुदान, सहुलियतपूर्ण कर्जा योजना, प्रतिस्पर्धात्मक कोष (challenge fund), विशिष्टिकृत लगानी कोष आदिमा सहभागी हुन उद्यमीलाई सहयोग गर्ने ।

## परिच्छेद–३
## निर्देशक समिति गठन

७. "व्यवसाय प्रवर्द्धन केन्द्र" को कुशल सञ्चालन र अपेक्षित सकारात्मक नतिजा हासिल गर्नमा सहयोग पुर्‍याउनका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ ।

संयोजक : नगर प्रमुख, पो.म.पा
सह-संयोजक : नगर उप-प्रमुख, पो.म.पा
सह-संयोजक : अध्यक्ष, पोखरा उद्योग वाणिज्य संघ
सदस्य : प्रमुख प्रशासकीय अधिकृत, पो.म.पा
सदस्य : संयोजक-आर्थिक विकास समिति, पो.म.पा
सदस्य : अध्यक्ष, महिला उद्यमी संघ कास्की
सदस्य : अध्यक्ष, लेखनाथ उद्योग वाणिज्य संघ
सदस्य : अध्यक्ष, पोखरा पर्यटन परिषद
सदस्य : अध्यक्ष, महानगर सहकारी समिति
सदस्य : अध्यक्ष, घरेलु तथा साना उद्योग संघ कास्की
सदस्य : प्रमुख, आर्थिक विकास महाशाखा
सदस्य सचिव : केन्द्र प्रमुख

८. समितिको वैठकमा आवश्यकतानुसार देहायका सम्वन्धित क्षेत्रका प्रतिनिधि वा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ --

- गण्डकी प्रदेश पर्यटन उद्योग तथा वाणिज्य मन्त्रालय प्रतिनिधि,
- प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय गण्डकी प्रदेश
- अध्यक्ष, नेपाल बैंकर्स संघ गण्डकी प्रदेश समिति
- गैर सरकारी संस्था महासंघ प्रतिनिधि,
- पोखरा विश्वविद्यालय प्रतिनिधि,
- विकास साझेदार संस्थाका प्रतिनिधि,

- आवश्यकता अनुसार विषय विज्ञहरु ।

९. समितिको वैठक आवश्यकतानुसार बस्नेछ । तर, सामान्यतया कम्तिमा महिनाको एक पटक समितिको वैठक वस्नेछ ।

१०. समितिको सचिवालय केन्द्रमा रहनेछ ।

११. समितिका अध्यक्ष, सदस्य र आमन्त्रित व्यक्तिलाई बैठकमा भाग लिए वापत नियमानुसार भत्ता र खाजा उपलब्ध गराइनेछ ।

१२. समितिको काम, कर्तव्य र अधिकार : महानगरपालिकाको कार्यपालिकाप्रति उत्तरदायी हुने गरी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ -

(१) व्यवसाय प्रर्द्धन, व्यावसायिक वातावरण सुधार, उद्यमशीलता विकास र स्थानीय उत्पादनहरुको मूल्य श्रृङ्खला सवलिकरण सम्वन्धी नीति, रणनीति, योजना र कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागी कार्यपालिकामा पेश गर्ने,

(२) केन्द्रको वार्षिक कार्यक्रमका साथै वित्तीय, प्रशासनिक र प्राविधिक कार्ययोजना स्वीकृत गर्ने,

(३) केन्द्रको दैनिक कार्यसञ्चालनलाई प्रभावकारी बनाउन व्यवस्थापनलाई मागदर्शन गर्ने, आवश्यक निर्देशन दिने र सहयोग गर्ने,

(४) केन्द्रले सञ्चालन गर्ने कार्यक्रमहरुको वार्षिक पात्रो (क्यालेन्डर) तयार र प्रचार प्रसार गरी तोकिएकै समयमा सञ्चालनको लागि पहल गर्ने,

(५) केन्द्रद्धारा सञ्चालित कार्यक्रमहरुको प्रगति समीक्षा तथा मूल्याकंन गर्ने,

(६) मागमा आधारित विशिष्ट प्रकारका सीप विकास कार्यक्रमहरु सञ्चालनका लागि प्राप्त प्रस्ताव मूल्यांकन, छनौट र कार्यान्वयनका लागि अनुमोदन गर्ने,

(७) नवप्रवर्तन, उद्यमशिलता विकास र प्रविधि हस्तान्तरणका कार्यक्रम तर्जुमा गर्न र कार्यान्वयनको लागी निजी क्षेत्र, विकास साझेदार, उद्योग वाणिज्य संघलगायतका सरोकारवालाहरु सँग समन्वय तथा सहकार्य गर्ने,

(८) नेपाल सरकार, प्रदेश सरकार, नेपाल राष्ट्र बैंक लगायतका निकाय र परियोजनाबाट सञ्चालित व्यवसाय प्रवर्द्धन र उद्यमशिलता विकासका कार्यक्रम, प्रतिस्पर्धी कोष (च्यालेञ्ज फण्ड) आदिमा सहभागी हुने, प्रस्ताव पेश गर्ने विषयमा निर्णय गर्ने,

(९) केन्द्र मार्फत हुने कार्यक्रम सञ्चालन गर्न र नियमानुसार शुरु पूँजी, प्रविधि र उपकरण अनुदान व्यवस्थाको लागि व्यवसाय प्रवर्द्धन कोष स्थापना र सञ्चालन गर्ने,

(१०) मागमा आधारित कार्यक्रमका सहभागी व्यवसायीलाई दिने सुविधा र निजवाट लिने शुल्क निर्धारण गर्ने,

(११) प्रशिक्षक, परामर्शदाता वा विषय विज्ञलाई दिने सेवा सुविधा र पारिश्रमिक निर्धारण गर्ने,

(१२) सामूहिक कार्यस्थलको व्यवस्था, त्यहाँ उपलब्ध गराउने सेवा सुविधा र सेवाग्राहीबाट लिने शुल्क निर्धारण गर्ने,

(१३) वार्षिक बजेट तथा कार्यक्रम र रणनीतिक तथा आवधिक योजना तर्जुमा आर्थिक विकास समिति र कार्यपालिकालाई सहयोग गर्ने,

(१४) केन्द्र प्रमुखको योग्यता र सेवा सुविधा निर्धारण गर्ने, कार्यसम्पादन सम्झौता गर्ने तथा कार्यसम्पादन मूल्यांकन गर्ने, र

(१५) हरित, समावेशी र उत्थानशील स्थानीय आर्थिक विकास र व्यवसाय प्रवर्द्धन सम्वन्धी आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद–४
## व्यवसाय प्रवर्द्धन कोष स्थापना

१३. केन्द्रको वित्तीय अवस्थालाई सबल बनाई यसको दिगो व्यवस्थापन र निर्दिष्ट उद्देश्य अनुरुपका सेवा तथा कार्यहरुको प्रभावकारी रुपमा सञ्चालन गर्न केन्द्रमा एक व्यवसाय प्रवर्द्धन कोष रहनेछ ।

१४. कोषको आफ्नै बैंक खाता रहनेछ ।

१५. कोषको खातामा देहायका स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ :

(१) महानगरपालिकाले वार्षिक रुपमा केन्द्रलाई विनियोजन गर्ने रकम,

(२) संघ तथा प्रदेश सरकारका कार्यक्रम र परियोजनाबाट प्राप्त हुने रकम,

(३) निजी क्षेत्र, विकास साझेदार, बैंक तथा वित्तीय संस्था, विभिन्न ट्रष्ट, फाउण्डेशन, उद्योग वाणिज्य संघ लगायतका व्यावसायिक संस्थाहरुबाट प्राप्त हुने रकम,

(४) केन्द्रले प्रदान गर्ने सेवाहरु र कार्यक्रमहरु मार्फत संकलन हुने विभिन्न प्रकारका शुल्क तथा कार्यक्रम सञ्चालनका लागि लागत साझेदारी मार्फत प्राप्त हुने रकम, र

(५) केन्द्रको उद्देश्य अनुरुपका कार्यक्रमका सञ्चालनार्थ विभिन्न व्यक्ति, व्यावसायिक फर्म वा अन्य संघसंस्थाबाट कानुनबमोजिम स्रोत खुले को दान, दातव्य वा उपहार रकम ।

१६. कोषको रकम महानगरपालिकाबाट खटिई आएका कर्मचारीको नियमित तलब र प्रशासनिक खर्च बाहेक केन्द्रले नियुक्त गरेका कर्मचारी तथा विषय विज्ञको पारिश्रमिक, समितिको बैठक भत्ता र केन्द्रको उद्देश्य अनुरुपका सेवाहरु प्रवाह गर्न र कार्यक्रमहरु सञ्चालन गर्नमा खर्च हुनेछ ।

१७. कोषको रकम केन्द्रले उपलब्ध गराउने सामुहिक कार्यस्थलका लागि आवश्यक पूर्वाधार र यान्त्रिक उपकरणको व्यवस्थापनदेखि नवप्रवर्तनात्मक नवउद्यमहरुलाई बाह्य स्रोतबाट लगानी प्राप्तिका लागि आवश्यक व्यावसायिक योजना तर्जुमा गर्न समेत उपयोग गर्न सकिनेछ ।

१८. महानगरपालिका क्षेत्रमा नविन र स्थानीय कच्चा पदार्थमा आधारित विशेष प्रकारको व्यवसाय विकास, सम्भाव्यता अध्ययन, लगानीकर्ताको खोजी र समन्वयको काममा समेत कोषबाट खर्च गर्न सकिनेछ ।

१९. कोषमा जम्मा भएको रकम केन्द्रले आगामी ६ महिनासम्म सञ्चालन गर्ने कार्यक्रमका लागि आवश्यक पर्ने (प्रक्षेपित) नगद प्रवाहभन्दा बढी भएको खण्डमा नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाको मुद्दती निक्षेप वा सरकारी ऋणपत्रमा लगानी गर्न सकिनेछ ।

२०. कोषमा जम्मा भएको रकम खर्च गर्दा महानगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ को व्यवस्थालाई मार्गदर्शनका रुपमा लिइनेछ। आवश्यकता महशुस भए कार्यपालिकाले कोषको छुट्टै आर्थिक कार्यविधि बनाएर पनि लागु गर्न सक्नेछ।

२१. कोषको आम्दानी र खर्चको हिसाव किताब महानगरपालिकाको लेखा प्रणाली अनुरुप दुरुस्त राखी कानुनबमोजिम लेखापरीक्षण हुनेछ।

## परिच्छेद ५
## केन्द्रको कार्यसञ्चालन ढाँचा

२२. **नियमित सेवा प्रवाह सम्वन्धी व्यवस्था** : (१) दफा ५ को उपदफा (१) र (२) अन्तर्गतका सेवाहरु केन्द्रले सार्वजनिक बिदाको दिन बाहेक हरेक दिन नियमित रुपमा प्रवाह गर्नेछ।

(२) उपदफा (१) बमोजिमका सेवाहरु प्रदान गर्नका लागि आवश्यक ऐन कानुन, सूचना, विज्ञापन जस्ता विषयका जानकारी हासिल गर्ने जिम्मेवारी केन्द्रका कर्मचारीको हुनेछ।

(३) उपदफा (२) अनुसार संकलित सूचना र जानकारीहरु लक्ष्यित वर्ग समक्ष पुऱ्याई व्यवसाय प्रवर्द्धन र उद्यमशीलता विकासमा टेवा पुऱ्याउन केन्द्रले आफ्नो वेबसाइटका साथै छापा तथा विद्युतीय सञ्चार माध्यम मार्फत प्रचार-प्रसार गर्नेछ।

(४) दफा ५ को उपदफा (२) अन्र्तत प्रदान गर्ने सेवा र सहजीकरणका सन्दर्भमा पहिलो पटक अन्य निकायहरुबाट उपलब्ध सेवा, सुविधा र सहुलियतपूर्ण योजना तथा कार्यक्रमका बारेमा विज्ञ परामर्शदाता मार्फत सर्वेक्षण गराएर कानुनी प्रावधान, शर्त, आवश्यक कागजात, फारम तथा व्यावसायिक (परियोजना) प्रस्तावहरुको ढाँचा संकलन वा तयार गर्न सक्नेछ।

(५) उपदफा (४) अनुसार संकलन वा तयार गरिएका ऐन नियम, सूचना,

कागजात तथा विभिन्न ढाँचाहरु समय समयमा अद्यावधिक गरी पुरानालाई हटाउने र नयाँलाई थप गर्दै लैजानु पर्नेछ।

२३. मागमा आधारित विशेषज्ञ सेवा प्रवाह सम्वन्धी व्यवस्था : (१) भइरहेका उद्यम व्यवसायको सम्वर्द्धन, स्तरवृद्धि र मूल्य श्रृङ्खला विस्तार गर्नका लागि समितिको निर्णय वा सार्वजनिक निजी संवाद मार्फत पहिचान भएर आएका विषय वा निजी क्षेत्र र उद्योग वाणिज्य संघहरु मार्फत आएका मागमा आधारित विशेषज्ञ सेवाको हकमा देहायअनुसार हुनेछ।

(क) **प्रस्ताव संकलन** : आवश्यक उद्यमशीलता विकास, सिप विकास, प्रविधि हस्तान्तरण वा व्यवसायको लागत न्यूनीकरण तथा उत्पादकत्व अभिवृद्धि सम्वन्धी विशिष्टीकृत कार्यक्रम सञ्चालनका लागि उद्देश्य तथा औचित्य स्पष्ट खुलेको र कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने स्रोत साधन (वित्तीय सहित), उपकरण, विषय विज्ञता र लागत साझेदारी वा अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त गरेको वा गर्ने अवस्था भए सो समेत खुलाई केन्द्रमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(ख) **प्रस्ताव मूल्यांकन र स्वीकृति** : उपदफा (१) (क) अनुसार संकलित प्रस्तावलाई समितिले सरोकारवालाहरु सँग छलफल र सम्भाव्यता मूल्यांकन गरेर सम्भाव्य देखिएमा सञ्चालनका लागि स्वीकृत गर्नेछ। समितिले प्रस्तावको प्रकृति र विषयवस्तु हेरी छलफल तथा मूल्यांकनको लागि आवश्यकतानुसार सम्वन्धित विषय विज्ञसँग परामर्श लिन सक्नेछ।

(ग) **सम्झौता गर्नुपर्ने** : स्वीकृत प्रस्तावको सफल कार्यान्वयनका लागि केन्द्र र प्रस्तावकका विच कार्यक्रम कार्यान्वयन सम्झौता गर्नु पर्नेछ। सम्झौतामा आपसी छलफल गरी देहायका विषयहरु स्पष्ट रुपमा परिभाषित गर्नु पर्नेछ -

(१) प्रस्तावकको काम-कर्तव्य, अधिकार र दायित्व,

(२) केन्द्रको काम-कर्तव्य, अधिकार र दायित्व,

(३) कार्यक्रमको अवधि, सञ्चालन गर्ने स्थान, आवश्यक भौतिक सुविधा र उपकरणहरु,

(४) वित्तीय व्यवस्थापनको पक्ष (केन्द्र र सेवाग्राही विचको लागत साझेदारी, अन्य निकायबाट प्राप्त हुने अनुदान वा सहयोग समेत खुलाउने),

(५) प्रशिक्षार्थीहरुले पाउने सेवा सुविधा र पालना गर्नुपर्ने शर्तहरु,

(६) प्रशिक्षार्थीहरुको व्यवसीयक आचरण, व्यवहार, अनुशासन, कार्यप्रगति मूल्यांकन र प्रमाणपत्र सम्वन्धी व्यवस्था, र

(७) आवश्यक भए अन्य विषय।

(२) उपदफा (१) को अवस्था बाहेक पनि केन्द्रले बजार सर्वेक्षण वा अध्ययनका आधारमा विशेषज्ञ सेवाहरु लिन चाहने सेवाग्राही र लक्ष्यित वर्गहरुबाट उनीहरुको आवश्यकता र केन्द्रको कार्यक्षेत्र भित्र र क्षमता अनुसारका सेवा प्राप्त गर्न इच्छुकहरुबाट प्रस्ताव पेश गर्न वर्षमा कम्तीमा दुई पटक सार्वजनिक सूचना मार्फत आह्वान गर्नु पर्नेछ।

२४. **कार्यक्रमको वार्षिक क्यालेण्डर बनाएर लागु गर्नुपर्ने** : (१) केन्द्रले सम्पादन गर्ने दफा (६) अन्तर्गतका नियमित कार्यक्रमहरुको लागि समितिले वार्षिक कार्ययोजना र क्यालेण्डर तर्जुमा गरेर सोही अनुसार केन्द्र आफैले वा निजी क्षेत्र, उद्योग वाणिज्य सँघ वा विकास साझेदारहरुसँगको सहकार्यमा व्यवस्थित रुपमा कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) अनुसारका नियमित कार्यक्रहरु बाहेक अन्य कार्यक्रमहरु संवन्धित क्षेत्रका सरोकारवालाहरु, विश्वविद्यालय, संघ तथा प्रदेश सरकारका निकाय विच छलफल गरी समितिको स्वकृीत लिएर सञ्चालन गर्न सकिनेछ।

(३) स्वीकृत कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक सहयोग, परामर्श र विषय विज्ञको परिचालन र व्यवस्थापनमा केन्द्रले सहयोग गर्नेछ।

(४) यस्ता कार्यक्रम सञ्चालनमा लाग्ने खर्च केन्द्रले मात्र व्यवस्थापन गर्न नसक्ने अवस्था भएमा सेवाग्राही वा साझेदार संस्था वा व्यवसायीबाट शुल्क लिएर वा लागत साझेदारीमा सञ्चालन गर्नु पर्नेछ।

# परिच्छेद ६

## जनशक्ति व्यवस्थापन

२५. **महानगरपालिकाले कर्मचारी खटाउने** : (१) दफा (५) को उपदफा (१) र (२) अन्तर्गतका सेवा प्रवाह गर्न र केन्द्रले प्रदान गर्ने मागमा आधारित सेवा र सम्पादन गर्ने अन्य कार्यमा सहयोग गर्न महानगरपालिकाले आर्थिक विकास महाशाखा मार्फत एक जना अधिकृत (छैठौं) स्तर र एक जना सहायक (पाँचौं) स्तर गरी दुई जना कर्मचारी केन्द्रमा खटाउनेछ।

(२) उपदफा (१) बमोजिम खटिई आउने कर्मचारीहरुले केन्द्र प्रमुख प्रति प्रत्यक्ष रुपमा उत्तरदायी भई र समितिको सामान्य निर्देशनमा केन्द्रले प्रवाह गर्ने सेवाहरु र केन्द्रका निर्दिष्ट उद्देश्य हासिल गर्नका लागि आवश्यक कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु, गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका कार्यहरु बाहेक केन्द्र प्रमुख र समितिको निर्देशनमा व्यवसाय सम्वर्द्धन, उद्यमशीलता विकास, सीप विकास, प्रविधि हस्तान्तरण र स्थानीय मूल्य श्रृङ्खला विकासलाई सघाउ पुऱ्याउने सम्वन्धित कार्यहरु गर्नु गराउनु पर्नेछ।

२६. **कार्य सम्पादनमा आधारित सेवा करारमा केन्द्र प्रमुख नियुक्ति गर्ने** : (१) समितिले तोकेको योग्यता, अनुभव र प्रमुख कार्यसम्पादन परिसूचकका आधारमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिता मार्फत सम्वन्धित क्षेत्रको दक्ष व्यक्तिलाई केन्द्र प्रमुखमा नियुक्त गर्नु पर्नेछ।

(२) **केन्द्र प्रमुखको कार्यविवरण** : केन्द्र प्रमुखले समितिप्रति प्रत्यक्ष उत्तरदायी भई महाशाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सामान्य निर्देशनमा रही देहायका कार्यहरु प्रभावकारी रुपमा गर्नु गराउनु पर्दछ।

(क) केन्द्रको प्रमुख कार्यकारी अधिकृतको हैसियतमा केन्द्रको दैनिक कार्यसञ्चालन, कर्मचारी प्रशासन र अन्य व्यवस्थापकीय कार्य गर्ने,

(ख) समिति र महाशाखाको समन्वय र निर्देशनमा रही केन्द्रको वार्षिक

कार्यक्रम र कार्ययोजना तर्जुमा गीर समितिबाट स्वीकृत गराउने र संचालन गर्ने,

(ग) व्यवसाय प्रवर्द्धन, व्यावसायिक वातावरण सुधार र उद्यमशीलता विकास सम्वन्धी दीर्घकालिन नीति तथा कार्यक्रम तयार गरी स्वीकृत गराउने,

(घ) स्वीकृत कार्ययोजना तथा वार्षिक क्यालेण्डर अनुसारका कार्यक्रमहरु निर्धारित समयमा नै प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

(ङ) मागमा आधारित विशेषज्ञ सेवाका लीग प्रस्ताव आव्हान तथा संकलन गर्ने, मूल्यांकन गर्ने र स्वीकृत भएका सेवा प्रवाह वा कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्ने, कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने,

(च) महानगरपालिकाको आर्थिक प्रशासन सम्वन्धी ऐन नियम वमोजिम खर्च गर्ने, लेखा राख्ने र लेखा परीक्षण गर्ने गराउने,

(छ) केन्द्रको महत्व र आवश्यकतावारे प्रचार-प्रसार एंव यसप्रति आकर्षण बढाउने प्रकृतिका क्रियाकलापहरु सञ्चालन गर्ने,

(झ) केन्द्रले प्रवाह गर्ने सेवा तथा सम्पादन गर्ने कार्यका लागि आवश्यक पर्ने विभिन्न व्यवस्थापकीय र प्राविधिक तालिम, परामर्श र पशिक्षणका लागि आवश्यक उपकरण, सामग्री र सुविधाको व्यवस्था गर्ने,

(ञ) नवप्रवर्तनात्मक कार्यक्रम सञ्चालनका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकाय, विश्वविद्यालय र विकास साझे दारहरुसँग सम्पर्क स्थापना गर्ने, समन्वय र अर्थपूर्ण सहकार्यको आधार तयार गर्ने,

(ट) कोषको समुचित उपयोग, संरक्षण र सम्वर्द्धन गर्ने,

(ठ) संघ, प्रदेश तथा विकास साझेदारहरुबाट सञ्चालित योजना तथा परियोजनाहरुमा सहभागी भई केन्द्रको उद्देश्य अनुरुपका

कार्यक्रमहरु सञ्चालनका लागि समितिको स्वीकृतिमा प्रस्ताव तयार गर्ने र पेश गर्ने,

(ड) स्थानीय आर्थिक विकास सम्वन्धी सूचकहरु तयार गर्ने, नियमित तथ्यांक संकलन गर्ने,  प्रकाशन गर्ने, र

(ढ) केन्द्रले प्रवाह गर्ने सेवासँग सम्वन्धित विभिन्न क्षेत्रका अनुभवी, दक्ष र योग्य विषय विज्ञहरुको सूची तयार गर्ने र आवश्यकतानुसार सेवा प्राप्ती गर्दा प्रचलित कानुनको अधीनमा रही त्यस्ता विज्ञहरुसँग सेवा करार गर्ने ।

(३) केन्द्र प्रमुखको सेवा अवधि : उपदफा (१) अनुसार नियुक्त केन्द्र प्रमुखको सेवा अवधि सामान्य अवस्थामा ५ वर्षको हुनेछ ।

(४) कार्यसम्पादन मूल्यांकन : समितिले नियमित रुपमा केन्द्र प्रमुखको कार्यसम्पादन मूल्यांकन गर्नेछ ।

(५) स्पष्टीकरण सोध्न सक्ने : कार्यसम्पादन सन्तोषजनक नभएमा समितिले केन्द्र प्रमुखलाई स्पष्टीकरण सोध्न र समय सीमा तोकेर सुधारको अवसर दिन सक्नेछ ।

(६) व्यावसायिक आचरण पालना गर्नुपर्ने : केन्द्र प्रमुखले प्रचलित ऐन नियम र कानुनको प्रतिकुल हुने खालका व्यवहार र आचरण प्रस्तुत गर्न वा अभ्यास गर्न पाउने छैन ।

(७) पदबाट हटाउन सक्ने : बढीमा ३ पटकसम्म कार्यसम्पादन सुधारको लागि अवसर दिँदा पनि सुधार नभएमा वा प्रचलित कानुनको प्रतिकुल हुने व्यवहार वा आचरण प्रस्तुत गरेमा समितिले प्रचलित कानुनको अधिनमा रही केन्द्र प्रमुखलाई पदबाट हटाउने प्रक्रिया शुरु गर्न सक्नेछ।

२७. **कार्यालय सहयोगीको व्यवस्था** : केन्द्रको कार्यसम्पादनलाई सहजीकरण गर्न र प्रभावकारी बनाउनका लागि समितिले आवश्यकता बमोजिम कार्यालय सहयोगी सेवा करारमा नियुक्त गर्न सक्नेछ ।

## परिच्छेद ७

## विविध

२८. **अनुगमन, मुल्याङ्कन र निर्देशन** : केन्द्रले प्रवाह गर्ने सेवा तथा सञ्चालन गर्ने कार्यक्रमको प्रभावकारिताका विषयमा प्रमुख प्रशासकीय अधिकृत र कार्यपालिकाबाट प्रत्यक्ष अनुगमन, मुल्याङ्कन तथा आवश्यक निर्देशन हुनेछ।

२९. **बौद्धिक सम्पत्ति सम्बन्धी** : केन्द्रले सञ्चालन गर्ने कार्यक्रमका क्रममा आविष्कार र सिर्जना भएका कुनै पनि प्रकारका बौद्धिक सम्पतिको दर्ता, संरक्षण र व्यावसायिक उपयोगको अधिकार महानगरपालिकामा निहित हुनेछ।

३०. **व्याख्या गर्ने अधिकार** : यस कार्यविधिमा उल्लिखित दफाहरुको कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा परेमा अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ।

३१. **संशोधन सम्बन्धी व्यवस्था** : कार्यविधिको कुनै दफा वा व्यवस्था संशोधन गर्नु परेमा नगर कार्यपालिकाको बैठकले गर्नेछ।

३२. **बाधा अड्काउ फुकाउ सम्बन्धी** : कार्यविधिमा उल्लिखित दफाहरुको कार्यान्वयनका सम्बन्धमा कुनै बाधा अड्चन आइपरेमा त्यसलाई फुकाउने अधिकार कार्यपालिकामा रहनेछ।

**प्रकाशन मिति : २०७९ श्रावण २४ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**